# समुन्नत नेपाल
## SAMUNNAT Nepal
मैतीदेवी, काठमाण्डौं

# सामाजिक परीक्षण प्रतिवेदन
## आ.व. २०८१/०८२


<u>सहजीकरण/प्रतिवेदन</u>

**उमङ्ग मैनाली, स्वतन्त्र सामाजिक परीक्षक**

umangarch@gmail.com


वैशाख २०८३

## कार्यकारी सारांश

समुन्नत नेपालले तय गरेको नीति, योजना, कार्यक्रम कार्यान्वयनले सामाजिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धिको लेखाजोखा गर्ने उद्देश्यले सामाजिक परीक्षण सञ्चालन गरिएको थियो । संस्थाले गरेका कामलाई पारदर्शी, उत्तरदायी र जावाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रक्रिया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा कार्यान्वयन प्रक्रियामा सुधार गर्न सामाजिक परीक्षण सञ्चालन गरिन्छ । संस्थाको आगामी दिनमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई अझ सहभागितामूलक, पारदर्शी, नजितामूलक एवम् प्रभावकारी बनाउन सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गर्दै सुधारका लागि सिफारिसहरू प्रतिवेदनको रूपमा प्रस्तुत गरिएको छ ।

संस्थाले स्थापना कालदेखि नै शिक्षामा गुणस्तरीय सिकाइ वृद्धिका लागि सामुदायिक सिकाइ केन्द्रको संस्थागत विकास र सहकार्यले शैक्षिक अभियानलाई दिगो बनाउन विभिन्न कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरेको देखिन्छ । संस्थाले सामुदायिक सिकाइ केन्द्रको संस्थागत विकास र सहकार्यले शैक्षिक अभियानलाई दिगो बनाएको, विद्यालयबाहिर रहेका किशोर किशोरी र युवाका लागि वैकल्पिक सिकाइको मार्ग कार्यक्रम सञ्चालन, सामुदायिक सिकाइ केन्द्रहरूको सवलीकरण, वैकल्पिक शैक्षिक कार्यक्रमको तह १ र २ को लागि प्रशिक्षक सहयोगी सामग्री विकासमा प्राविधिक सहयोग, संघ, प्रदेश र स्थानीय सरकारसँग नीतिगत पैरवी, सामझदारी, साझेदारी र सहकार्य गरेको सञ्चालन गरेको देखिन्छ । त्यसैगरी बालमैत्री क्रियाकलापमा आधारित सिकाइ र स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिएको, खेल्दै सिक्ने केन्द्रमा सहभागी भएपछि बालबालिका विद्यालय जान उत्प्रेरित गरिएको, सामुदायिक सिकाइ केन्द्रको परिचालनबाट विद्यालय भर्ना बबालबालिकालाई विद्यालय भर्ना गराइएको, सिकाइ कार्ड विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पोर्टलमा अपलोड गरिएको, उडान कक्षाका सहजकर्ताको तालिम सञ्चालन गरेको, विद्यालयको गुनासो सुनवाइ व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिएको, धनगढीमाई नगरपालिकाको शिक्षा योजना तयारमा सहयोग गरेको, उद्यमशीलता सोच विकाससम्बन्धी तालिम तथा विद्यालयका बाल क्लबहरूले व्यवसाय प्रस्ताव विकास र त्यसका लागि बीउ पुँजी निरन्तरता दिने प्रयास गरिएको, सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि र सुदृढीकरण तथा अनलाइन प्रणालीमा ल्याउन प्राविधिक सहयोग गरेको देखिन्छ ।

तथापि हालसम्म संस्थागत रणनीति योजना नभएको हुँदा रणनीति योजना तयार गरी सोही अनुसार कार्यक्रम कार्यान्वयन गर्दा थप प्रभावकारी हुने देखिन्छ । डिजिटल तथा प्रविधिमैत्री शिक्षा प्रवर्द्धन र ई पुस्तकालय व्यवस्थापन गर्दै निरन्तरता र प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने, साक्षरता कक्षाको साथै व्यवसायिक शिक्षामा जोड दिनुपर्ने, सामुदायिक सिकाइ केन्द्रको क्षमता विकासमा सहयोग निरन्तरता दिनुपर्ने, स्थानीय तहसँग समन्वय, सहकार्य र कार्यक्रममा साझेदारी गर्दै अनौपचारिक तथा वैकल्पिक शिक्षाको पाठ्यक्रम सम्बन्धमा स्थानीय तहलाई थप सहजीकरण गर्नुपर्ने, विद्यालय भर्नापछि किशोर किशोरीहरूलाई निरन्तर हुनका लागि उपचारात्मक सिकाइको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसैगरी सामुदायिक सिकाइ केन्द्रको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई स्थानीय तहमा थप सुदृढ गरी कार्यक्रमको प्रभावकारिता मापन र सुधारमा ध्यान दिनुपर्ने, बालबालिकासँग प्रत्यक्ष रूपमा कार्य गर्ने संस्था भएको हुँदा संस्थाले तयार गरेको बाल संरक्षण नीति २०७५ लाई कार्यालयमा टाँस गर्नुपर्ने देखिन्छ ।

# विषयसूची


| क्र.सं | विषयवस्तु | पेज नं. |
|---|---|---|
| कार्यकारी सारांश | | |
| १ | पृष्ठभूमि | १-२ |
| २ | सामाजिक परीक्षणको उद्देश्य | २ |
| ३ | अध्ययन विधि | २-४ |
| ४ | अध्ययनका सीमा | ४ |
| ५ | सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरू | ४-५ |
| ६ | सामाजिक परीक्षणबाट देखिएका चुनौती वा सुधारात्मक पक्षहरू | ५ |
| ७ | सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरू | ६-७ |
| ८ | अनुसूची-१, संस्थागत जानकारी | ८-१२ |
| ९ | अनुसूची-२, सामाजिक जिम्मेवारी तथा कार्य सम्पादनको लेखाजोखा | १३-१४ |
| १० | अनुसूची-३, सरोकारवालाको प्रतिक्रिया | १५-१६ |
| ११ | अनुसूची-४, सामाजिक परीक्षणमा उपस्थिति सहभागीको विवरण तथा निर्णय | १७ |
| १२ | अनुसूची-५, कार्ययोजना कार्यान्वयनको अवस्था | १८-१९ |
| १३ | अनुसूची-६, सामाजिक परीक्षणको केही तस्वीर | २० |

**श्री अध्यक्षज्यू**
**समुन्नत नेपाल**
**मैतीदेवी, काठमाण्डौं ।**

समुन्नत नेपाल र स्वतन्त्र सामाजिक परीक्षक श्री उमङ्ग मैनालीबिच समुन्नत नेपालको आर्थिक वर्ष २०८१/०८२ को सामाजिक परीक्षण सञ्चालन गरी प्रतिवेदन तयार गर्नका लागि गरिएको सम्झौता बमोजिम तपसिलका प्रक्रिया पूरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेको छु ।

## १. पृष्ठभूमि

सामाजिक परीक्षण संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । यसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षणबिच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश तथा प्रतिवेदन तयारी गरिन्छ । फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन तथा कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् । सामाजिक परीक्षण वर्षमा एकपटक गर्नुपर्ने व्यवस्था रहेको छ । संस्थाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहिता बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वन प्रक्रिया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रक्रियामा सुधार गर्न, सार्वजनिक कोषको अत्युतम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तिको सुनिश्चितता गर्न तथा थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्न सामाजिक परीक्षण सञ्चालन गरिन्छ ।

सामाजिक परीक्षणले कुनैपनि संस्थाले घोषित सामाजिक उद्देश्य हासिल गर्नका लागि सञ्चालन गरेका आर्थिक तथा समाजिक क्रियाकलापहरूको निर्धारित लक्ष्य/उद्देश्य वा योजना अनुरूप सामाजिक उत्तरदायित्व पूरा हुने गरी भए वा भएनन् भनेर जाँच गर्ने एउटा सहभागितात्मक प्रक्रिया वा विधि हो । यसले संस्थाको सामाजिक तथा कार्यसम्पादन मापन गर्न औजारको रूपमा काम गर्दछ । जसमा नीति तथा योजना निर्माण प्रक्रियादेखि कार्य सम्पादन र त्यसको सामाजिक तथा वातावरणीय असर तथा प्रभावसम्मका सबै पक्षहरूको तथ्यपरक विश्लेषण गरिन्छ । सामाजिक परीक्षण सञ्चालनले सरोकारवाला, लक्षित समुदाय, दातृ निकाय र कार्यान्वयन संस्था बिच विश्वासको वातावरण सिर्जना गर्दछ । सरकारले आफ्ना कार्यक्रमलाई जवाफदेहिता र पारदर्शीताको लागि सार्वजनिक जवाफदेहिता प्रर्वद्धनसम्बन्धी कार्यविधि २०७७ नै जारी गरी आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनु पर्ने बाध्यकारी व्यवस्था गरेको छ । संस्थागत सामाजिक परीक्षणको सन्दर्भमा सोही कार्यविधिको **दफा २३ मा अन्य निकायहरूको सामाजिक परीक्षणसम्बन्धी व्यवस्था** अन्तर्गत गाउँपालिका/नगरपालिकाको क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्था तथा अन्य सार्वजनिक संस्थाहरूले समाजिक परीक्षण गर्दा यस कार्यविधिको प्रयोग गर्नुपर्ने व्यवस्था अनुसार वार्षिक कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वार्षिक रूपमा सामाजिक परीक्षण गरिएको छ । संस्थागत समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गरी अध्ययन प्रतिवेदन तयार गर्ने सामाजिक जवाफदेहिताको साधनमध्ये सामाजिक परीक्षण एक उपयुक्त र प्रभावकारी साधन हो । संस्थाले गत आर्थिक

वर्ष लिएको नीति, योजना, कार्यक्रम तथा कार्यान्वयनको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गरी यो सामाजिक परीक्षण प्रतिवेदन तयार गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

समुन्नत नेपालको समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । सामाजिक परीक्षण सञ्चालनको मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- संस्थाबाट सञ्चालन भएका कार्यक्रमहरूको लक्ष्य, उद्देश्य, बजेट र यसबाट प्राप्त सामाजिक उपलब्धिहरूको विश्लेषण गर्ने ।
- संस्थाको सामाजिक जिम्मेवारी, त्यस अनुसार सञ्चालित कार्यक्रम, सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्ने ।
- संस्थाले कार्यक्रम सञ्चालन गर्दा प्राप्त उपलब्धि, सिकाइ, चुनौती, स्रोत साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।
- संस्थाको गतिविधिहरूको लेखाजोखा तथा मूल्याङ्कन गरी भावी कार्य योजनाका लागि सुझाव दिने ।
- संस्थालाई सामाजिक उत्तरदायित्वप्रति सजक र उन्मुख गराउनुको साथै पारदर्शीता र लिएको लक्ष्यलाई जनमुखी बनाउन मदत पुऱ्याउने ।

## ३. अध्ययन विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढङ्गबाट देहायका विधिहरू प्रयोग गरी सञ्चालन गरिएको थियो :

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

समुन्नत नेपालबाट नियुक्त सामाजिक परीक्षकबाट सन्दर्भ सामग्रीको रूपमा संस्थाको विधान, मानव संसाधन, स्रोत व्यवस्थापन तथा आन्तरिक प्रशासन विनियमावली, आर्थिक व्यवस्थापन विनियमावली, बाल संरक्षण नीति, लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति, यौनजन्य हिंसा विरुद्ध नीति, भ्रष्टचार तथा ठगी विरुद्धको नीति र कार्यविधि, यौन शोषण र दुर्व्यवहार विरुद्धको नीति, कोभिड सुरक्षा भैपरी योजना लगायतले निदृष्ट गरेका लक्ष्य, नीतिगत व्यवस्था र कार्यक्रम, सामाजिक उपलब्धि, परिणाम र प्रभावसम्बन्धी अध्ययन गरिएको थियो । संस्थाको वार्षिक प्रतिवेदन, प्रकाशन तथा समाज कल्याण परिषद्को अनुगमन प्रतिवेदनसमेत अध्ययन गर्दै सार्वजनिक जवाफदेहिता प्रवर्द्धनसम्बन्धी कार्यविधि २०७७ अनुरूप सामाजिक परीक्षण सञ्चालन गरिएको छ ।

### ३.२ सामाजिक परीक्षणसम्बन्धी सूचना सङ्कलन तथा प्रारम्भिक प्रतिवेदन प्रस्तुति

सुशासनको सन्दर्भमा उत्तरदायित्वको आवश्यकता, उत्तरदायित्वका विभिन्न साधनहरू लगायत सामाजिक परीक्षणका सैद्धान्तिक पक्ष र कार्यविधिको जानकारी, सामाजिक परीक्षण विधि तथा प्रक्रिया समेतको विषयमा संस्थाका कर्मचारी तथा सरोकारवालासँग सूचना सङ्कलन तथा प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम **२०८३ वैशाख २८** गते सोमबार सञ्चालन गरिएको थियो । **संस्थाको बैठक कक्षमा सञ्चालन गरिएको** सहभागीको विस्तृत विवरण ***अनुसूची-४* मा** राखिएको छ ।

### ३.३ अन्तर्वार्ता

समुन्नत नेपालबाट सञ्चालन गरिएका कार्यहरूको सामाजिक परीक्षणको क्रममा यसको विधि तथा प्रक्रिया र संस्थागत उपलब्धिका लागि तोकिएका सूचनाहरूको आधारमा सामाजिक परीक्षकबाट संस्थाको निर्देशक, टिम लिडर, लेखा अधिकृत, कर्मचारीहरू कोबो (**KoBo**) बाट कार्यक्षेत्रका सरोकारवाला २२ जना पुरुष र २८ जना महिला गरी **५० जनासँग** सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन तयार गर्ने सन्दर्भमा संस्थाका प्रमुख समस्या, चुनौती, कार्य सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको छ ।

### ३.४ समूह छलफल

सामाजिक परीक्षणका विधि तथा प्रक्रिया बमोजिम प्राप्त हुनुपर्ने सूचनाहरू तथा सन्दर्भ सामग्रीहरूको अध्ययनको आधारमा अन्तर्वार्ताबाट समेटिन नसकेका विषयहरूका लागि संस्थाले **२०८३ वैशाख २८ गते** सोमवार **संस्थाको बैठक कक्षमा सञ्चालन** गरेको सूचना सङ्कलन तथा प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको क्रममा समूह छलफल गरी निष्कर्ष निकालिएको थियो ।

- संस्थाको कार्यक्रमबाट देखिएका सवल पक्षहरू, कार्यक्रम सञ्चालनमा देखिएका चुनौती वा कमीकमजोरीहरू र संस्थाको लक्ष्य हासिल गर्नका लागि चाल्नुपर्ने कदम वा सुझावहरू ।
- संस्थालाई आगामी दिनका लागि सुझावहरू (मुख्य साझेदार तथा सरकारी निकायहरू)
- सूचक निर्माणसहित सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा (कर्मचारीहरू)

### ३.५ छलफल, अवलोकन तथा भनाइ

सामाजिक परीक्षणका क्रममा विधि तथा प्रक्रिया बमोजिम प्राप्त हुनुपर्ने सूचनाहरू तथा सन्दर्भ सामग्रीहरूको अध्ययनको क्रममा संस्थाको अवस्थालाई प्रभावकारी बनाउनका लागि विभिन्न सुझावहरू राख्नु भएको थियो । उहाँहरूले दिनुभएको प्रतिक्रिया तथा भनाइहरू ***अनुसूची-३* मा** राखिएको छ ।

### ३.६ प्रारम्भिक सूचना प्रस्तुति तथा छलफल

समुन्नत नेपालले सामाजिक जिम्मेवारी बहन गर्दा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्थाका लागि तयार गरिएको प्रतिवेदन देहायअनुसारको शीर्षकमा केन्द्रित गरी संस्थाका सरोकारवालासँग छलफलका लागि प्रस्तुत गरिएको थियो ।

- संस्थाको परिचय
- संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य
- संस्थाको मूल्य मान्यताहरू
- संस्थाको रणनीति
- कार्यसमिति, साधारण सदस्य र कर्मचारीको लैङ्गिक तथा जातीयगत विवरण
- संस्थाबाट सामाजिक जवाफदेहिता प्रवर्द्धनमा भएका प्रमुख कार्यहरू
- संस्था सञ्चालनका लागि तयार गरिएका विधान तथा नीति नियमावलीहरू (नामावली समेत)
- संस्थाको आवद्धता
- सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा (मुख्य क्रियाकलापहरू मात्र)
- संस्थाले तीन वर्षमा सञ्चालन गरेका परियोजना

- अनुगमन तथा मूल्याङ्कनको अवस्था (समाज कल्याण परिषदसमेत)
- कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरू
- संस्थाको आय व्यय विवरण (सामाजिक परीक्षण वर्ष)

## ४. अध्ययनको सीमा

समुन्नत नेपालको सामाजिक परीक्षण सञ्चालनको क्षेत्र र सीमा निम्नानुसार रहेका छन् :

- संस्था सञ्चालनका लागि तयार गरिएका नीतिगत अवस्था अध्ययन गरिएको ।
- संस्थाले सञ्चालन गरेको कार्यक्रममा सहभागिता तथा सामाजिक प्रभावको स्थितिको अध्ययन तथा छलफल गरिएको ।
- संस्थाका कार्यक्रमबाट देखिएका प्रमुख उपलब्धिहरूको अध्ययन गरिएको ।
- आम्दानी, खर्च, प्रकाशन, अनुगमन तथा मूल्याङ्कनको अवस्थाको अध्ययन गरिएको ।

(समय व्यवस्थापनको कारण सामाजिक परीक्षणको क्रममा अन्तर्वार्ता, समूहगत छलफल, संस्थागत स्थलगत अवलोकन गरिएको भएपनि कार्यक्रमगत रूपमा स्थलगत गई व्यापक र सघन रूपमा अध्ययन तथा विश्लेषण गर्न पाएका छैनौं ।)

## ५. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरू

- शिक्षामा गुणस्तरीय सिकाइ र नवप्रवर्तनात्मक कार्यमा नमुना संस्थाको रूपमा रहेको ।
- सामुदायिक सिकाइ केन्द्रको संस्थागत विकास र सहकार्यले शैक्षिक अभियानलाई दिगो बनाएको ।
- विद्यालयबाहिर रहेका किशोर किशोरी र युवाका लागि वैकल्पिक सिकाइको मार्ग कार्यक्रम लुम्बिनी र मधेश प्रदेशका ६२७ ओटा सामुदायिक सिकाइ केन्द्रहरूको सवलीकरणको लक्ष्य सहित १०,०५५ जना विद्यालयबाहिर रहेका बालबालिकाको सिकाइमा पहुँच हुने गरी सामुदायिक सिकाइ केन्द्रको परिचालन, सहजीकरण र प्राविधिक सहयोग ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको सहकार्यमा वैकल्पिक शैक्षिक कार्यक्रमको तह १ र २ को लागि प्रशिक्षक सहयोगी सामग्री विकास भइ शिक्षा तथा मानव स्रोत विकास केन्द्र वेबसाइटमा अपलोड भएको ।
- वैकल्पिक शैक्षिक कार्यक्रम अन्तर्गत विकास भएको प्रशिक्षक सामग्रीमा आधारित ७ दिनको एउटा प्रशिक्षक तालिम कार्यक्रम सञ्चालन गरिएको ।
- साझेदारको रूपमा रहेका सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गराएको ।
- संघ, प्रदेश र स्थानीय सरकारसँग नीतिगत पैरवी, सामझदारी, साझेदारी र सहकार्य गरेको ।
- कार्यक्रमको मूलप्रवाहीकरणका लागि पैरवी गरेको ।
- बालमैत्री क्रियाकलापमा आधारित सिकाइ र स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिएको ।
- खेल्दै सिक्ने केन्द्रमा सहभागी भएपछि बालबालिका विद्यालय जान उत्प्रेरित गरिएको ।
- अभिभावकलाई आवश्यक परामर्श प्रदान गरिएको ।
- विभिन्न संघसंस्थासँग समन्वय गरेर आवश्यकता अनुसार भौतिक सामग्रीहरू प्रदान गर्ने गरिएको ।
- ६ जिल्लाका १५ सामुदायिक सिकाइ केन्द्रहरूमा खेल्दै सिक्ने केन्द्र सञ्चालनपछि १,२०२ जना विद्यालयबाहिरका बालबालिका (६३% बालिका) लाभान्वित भएका ।
- २,१७६ जनालाई सामुदायिक सिकाइ केन्द्रको परिचालनबाट विद्यालय भर्ना भएका ।
- मधेश र लुम्बिनी प्रदेशका ६२७ ओटा सिकाइ केन्द्रहरूको सर्वेक्षण गरिएकोमा ४४२ (७१%) सक्रिय रहेको ।

- शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको सहकार्यमा तह १ र २ का लागि ३१८ सिकाइ कार्ड विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको बेबपोर्टलमा अपलोड गरिएको । साथै विगत १० वर्षदेखि प्रयोगमा ल्याइएको सिकाइ कार्डलाई मूलप्रवाहीकरण गर्न सफल भइ ३५ जना सहजकर्तालाई दोस्रो चरणको तालिम गरिएको ।
- उडान कक्षाका सहजकर्ताको ४ दिने पुनर्ताजगी र नयाँ सहजकर्ताका लागि ७ दिन आधारभूत तालिम सञ्चालन ।
- बालिका समावेशी शिक्षा सञ्जाल अन्तर्गत २६ जना सम्पर्क व्यक्तिहरूलाई ३ दिन गुनासो सुनवाइ व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिएको ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग सहकार्य गरेर तह १ र २ को ८ ओटा विषयको सहजकर्ता सहजीकरण मार्गदर्शन सामग्री विकास गरी अनुमोदन गरिएको ।
- मधेश प्रदेशमा अनौपचारिक शिक्षाको क्षेत्रमा कार्यरत गैसस, सामुदायिक सिकाइ केन्द्र र विकास साझेदार संस्थाहरूलाई अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइका लागि विकास भएका पाठ्यक्रम, सिकाइ सामग्रीहरूको प्रबोधीकरण तथा सहजीकरण प्रक्रियासम्बन्धी ३ दिन तालिम शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको समन्वयमा सञ्चालन गरिएको ।
- धनगढीमाई नगरपालिकाको शिक्षा योजना तयारमा सहयोग ।
- सुर्खेतका ३ विद्यालयमा ५ दिने उद्यमशीलता सोच विकाससम्बन्धी तालिम २४ जना विद्यार्थीलाई दिइएको साथै विद्यालयका बाल क्लबहरूले व्यवसाय प्रस्ताव विकास र त्यसका लागि प्रति क्लब रु. ५०,००० बीउ पुँजीसहित निरन्तरता दिने प्रयास गरिएको ।
- बित्तीय साक्षरता कार्यक्रम अन्तर्गत ३ वर्षको परियोजना दुल्लु, ठाटिकाँध, भेरीगंगा, बिरेन्द्रनगर बर्दिवास, जनकपुरधाम र जलेश्वरका सरोकारवालाको सहभागितामा समापन कार्यक्रम आयोजना गरी स्थानीय तहलाई हस्तान्तरण गरिएको ।
- कार्यसमिति, सदस्य, कर्मचारी र साझेदार संस्थाको आचार संहिता देखिने गरी कार्यालय परिसरमा टाँस गर्नुको साथै साझेदार र कर्मचारीलाई अनिवार्य हस्ताक्षर गराउने गरेको ।
- सुझाव पेटिका कार्यालयको उपयुक्त स्थानमा राखी प्रभावकारी रूपमा प्रयोग गरिएको ।
- संस्थागत नीतिमा नै परिमार्जन गरी मे १ मा पर्ने अन्तर्राष्ट्रिय मजदुर दिवसको दिन कर्मचारीलाई बिदा दिने गरिएको ।
- परियोजना विकासको क्रममा सरकारको प्राथमिकताको आधारमा प्राविधिक सहयोग गर्नुको साथै समुदायको आवश्यकताको आधारमा सञ्चालन गर्ने गरिएको ।
- सरकारसँगको राम्रो समन्वय र सहकार्य, नतिजा र तथ्याङ्कमा आधारित कार्यक्रम सञ्चालन गरिएको ।
- समाजमा हुने गम्भीर प्रकृतिका सामाजिक विकृतिहरूको नकारात्मक प्रभावबारे स्थानीय स्रोत र साधन परिचालन गरिएको ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि र सुदृढीकरण तथा अनलाइन प्रणालीमा ल्याउन प्राविधिक सहयोग गरेको ।
- विद्यालय क्षेत्रभन्दा बाहिर रहेका लक्षित समुदायको आवश्यकता अनुसार मनोसामाजिक परामर्श सहयोग गरिएको ।
- लक्षित समुदाय, दातृ निकाय र कार्यान्वयन संस्था बिच विश्वासको वातावरण सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गरिएको ।

## ६. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा सुधारात्मक पक्षहरू

- बजेट तथा कार्यक्रमको समस्या हुँदा सानो स्केलमा कार्यक्रम सञ्चालन गरिएको ।
- दिगो र प्रभावकारी रूपमा सबै भौगोलिक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न नसकिएको ।
- समान उद्देश्य भएका संस्थासँगको सञ्जालीकरण न्यून रहेको ।
- संस्थाको कागज फार्मेटहरू धेरै भर्नु पर्दा नियमित कार्यमा समस्या भएको ।
- स्थानीय तह तथा सरोकारवालाहरूको पर्याप्त सहभागिता, प्रतिवद्धता, सहकार्य, स्वामित्व र निरन्तरता कायम गराउन समस्या रहेको ।
- समुदायमा कार्यक्रम सञ्चालन गर्दा अर्थपूर्ण सहभागितामा समस्या रहेको र ब्यक्तिगत तथा आर्थिक लाभको विषयमा प्रश्नले उपयुक्त सहभागी छनौट गर्नमा अप्ठ्यारो रहेको ।
- सहजकर्ताहरू बिचमा समान बुझाइको अभाव तथा मासिक बैठकमा विषयवस्तुलाई अझै स्पष्ट गरी कार्य सञ्चालन गर्नुपर्ने ।
- पानी पर्दा, हावाहुरी चल्दा सिकाइ सहजीकरणमा समस्या हुने भएको हुँदा विशेष ध्यानदिनु पर्ने ।
- सामुदायिक सिकाइ केन्द्रमा आवश्यक शैक्षिक सामग्रीको कमी रहेको ।

## ७. सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरू

- डिजिटल तथा प्रविधिमैत्री शिक्षा प्रवर्द्धन र ई पुस्तकालय ब्यवस्थापन गर्दै निरन्तरता र प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने ।
- साक्षरता कक्षाको साथै ब्यवसायिक शिक्षामा जोड दिनुपर्ने ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता विकासमा सहयोगलाई निरन्तरता दिनुपर्ने ।
- सिप विकास तालिम मार्फत रोजगार र स्वरोजगारका क्षेत्रमा कार्यक्रम तथा समन्वयमा जोड दिनुपर्ने ।
- संस्थागत गतिविधिहरूको बारेमा सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिलाई तालिमको आयोजना गर्नुपर्ने ।
- सहजकर्ताको सेवा सुविधा वृद्धिका लागि पैरवी गरी क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- स्थानीय तहसँग समन्वय, सहकार्य र कार्यक्रममा साझेदारी गर्दै अनौपचारिक तथा वैकल्पिक शिक्षाको पाठ्यक्रम सम्बन्धमा स्थानीय तहलाई थप सहजीकरण गर्नुपर्ने ।
- विद्यालय भर्नापछि किशोर किशोरीहरूलाई निरन्तर हुनका लागि उपचारात्मक सिकाइको व्यवस्था गर्नुपर्ने ।
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार विद्यालयबाहिर रहेका विभिन्न प्रकृतिका बालबालिकाका लागि विशेष खालको कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- सम्बन्धित क्षेत्रका विज्ञको रोस्टर विकास गरी परिचालन गर्नुपर्ने ।
- सामुदायिक सिकाइ केन्द्रको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई स्थानीय तहमा थप सुदृढ गरी कार्यक्रमको प्रभावकारिता मापन र सुधारमा ध्यान दिनुपर्ने ।
- संस्थागत रणनीति योजना नभएको हुँदा समुन्नत नेपालको संस्थागत रणनीति योजना निर्माण गरी सोही अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्ने ।
- बालबालिकासँग प्रत्यक्ष रूपमा कार्य गर्ने संस्था भएको हुँदा संस्थाले तयार गरेको बाल संरक्षण नीति, २०७५ लाई कार्यालयमा टाँस गर्नुपर्ने ।
- संस्थाले कार्यगर्दा कम्तीम ३ देखि ५ वर्ष एकै कार्यक्षेत्रमा सञ्चालन गर्दै अहिलेको कार्यक्षेत्र विस्तार गर्नुपर्ने ।

- सहभागी विद्यार्थी तथा परिवारलाई आफ्नो काम, कर्तब्यप्रति थप जिम्मेवार बनाउन सिकाइ केन्द्र मार्फत अभिभावक शिक्षामा जोड दिनुपर्ने ।
- संस्थाको संस्थागत सूचना सामग्रीहरू समुदायमैत्री बनाउन सामाजिक सञ्जाल, ब्रोसर, वेवसाइटको प्रयोग पहुँचयोग्य बनाउँदा प्रभावकारी हुने ।
- साझेदार संस्थाहरूको अझै क्षमता विकास गर्नुपर्ने ।
- संस्थाको कार्य समिति तथा कर्मचारीमा अपाङ्गता भएका ब्यक्तिबाट समेत सहभागिता गराउन सके थप समावेशीकरण हुने ।

**सामाजिक परीक्षकको नाम** : उमङ्ग मैनाली, स्वतन्त्र सामाजिक परीक्षक


**समाप्त**

# अनुसूची-१

संस्थागत जानकारी

## १. संस्थाको परिचय

समुन्नत नेपाल गैर नाफामूलक राष्ट्रियस्तरको गैरसरकारी संस्था हो । जिल्ला प्रशासन कार्यालय काठमाडौँमा २०६९ आश्विन ३ गते विधिवत दर्ता भई समाज कल्याण परिषद र स्थायी लेखा नम्बर समेत प्राप्त भई कार्य गरिरहेको छ । शिक्षा क्षेत्रमा लामो समयदेखि पेसागत अनुभव र दक्षता हासिल गर्नु भएका व्यक्तिहरूको संलग्नता रहेको छ । संस्थाको स्थापनादेखि नै औपचारिक र अनौपचारिक शिक्षामा गुणस्तरीय सिकाइ, नवप्रवर्तनात्मक कार्य गर्दै आइरहेको छ । सबै नागरिकको आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निशुल्क शिक्षाको संविधानप्रदत्त मौलिक हकको सुनिश्चितता गर्न नवीनतम कार्यक्रमहरू विकास गरी सबै तहको सरकार, विद्यालय, सामुदायिक सिकाइ केन्द्र लगायतका सरोकारवालाहरूसँग समन्वय, सहकार्य र साझेदारी भावनाका साथ कार्य गर्दै आइरहेको छ । संस्थाले सुरुदेखि नै तत्कालिक शिक्षा विभाग (हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्र) सँग समन्वय र सहकार्य गर्दै प्राविधिक सहयोग लिने/दिन कार्य गरेर नतिजामुखी कार्य गर्दै आइरहेको छ ।




नेपालको सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि सरकारका प्राथमिकता, नीति तथा कार्यक्रममा प्राविधिक सहयोग गर्न सकिन्छ भन्ने अभिप्रायले क्रियाशील रहेको छ । संस्थाले हालसम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र लगायत नेपाल सरकारका विभिन्न निकाय, युनिसेफ, युनेस्को र युएनडिपी जस्ता युएन एजेन्सी र अन्य एघारओटा विकास सामझेदार संस्थासहित सत्रओटा निकायहरूसँग प्रत्यक्ष समन्वय, सहकार्य र साझेदारी गरिरहेको छ । संस्थाले आफ्नो संस्थागत सुशासन तथा व्यवस्थापनका लागि संस्थाको विधानको अधिनमा रहेर विभिन्न नीति, विनियमावली, कार्यविधि र निर्देशिकाहरू विकास गरी लागु गर्दै आएको छ । संस्थाले हालसम्म सबै प्रदेश र जिल्ला अन्तर्गत २४५ स्थानीय सरकारसँग समन्वय गरी काम गरिरहेको छ ।

## २. संस्थागत ध्येय, लक्ष्य, उद्देश्य

### क. दुरदृष्टि

गुणस्तरीय शिक्षा र समुदाय सशक्तीकरणका माध्यमबाट समृद्ध, समावेशी र समभावपूर्ण समाज निर्माण गर्न सरोकारवालासँग नजिकबाट सहकार्य गर्ने ।

### ख. भिजन (ध्येय)

मानव अधिकारका सिद्धान्तमा आधारित समग्र विकासलाई प्रवर्द्धन गर्दै सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न तथा सार्वजनिक शिक्षाको सुधारका लागि सहयोग र विशेषज्ञता प्रदान गर्ने ।

### ग. मिसन (लक्ष्य)

शिक्षा, सिकाइ र समुदाय विकासका क्षेत्रमा विभिन्न अनुसन्धान तथा विकास गतिविधि सञ्चालन गर्दै र नवीन कार्यक्रमहरू अघि बढाउँदै गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न राज्यका सरोकारवालालाई निरन्तर सहयोग प्रदान गर्ने ।

### घ. संस्थाका मुख्य उद्देश्य

- नाफारहित जनहितकारी सामाजिक संस्था ।
- बालमैत्री शिक्षाको विकास, विस्तार, गुणस्तर सुधार तथा उपयुक्त वातावरण निर्माणका लागि नमुना विद्यालय विकास, खोज, अनुसन्धान, नवीनतम प्रयोग, शैक्षिक सामग्री विकास तथा निर्माण गर्दै चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- आधारभूत तथा प्राथमिक तहको गुणस्तर सुधारका लागि क्षमतावान जनशक्ति विकास गर्न विभिन्न तालिम, कार्यशाला, सेमिनार, अभिमुखीकरण गोष्ठीहरू सञ्चालन गर्ने ।
- आपत्कालीन अवस्थामा शिक्षा, वातावरण, जलवायु परिवर्तन, स्वास्थ्य र सरसफाइको क्षेत्रमा शिक्षा र चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- शिक्षा र विकाससम्बन्धी विभिन्न परियोजनाहरू निर्माण र सञ्चालन गर्ने ।
- सरकारीस्तरबाट शिक्षाको गुणस्तर सुधारका लागि सञ्चालन हुने कार्यक्रमहरूमा प्राविधिक सहयोग पुऱ्याउने ।
- बालमैत्री विद्यालयको विकास र विस्तारका लागि कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारीमा कार्य गर्ने ।
- समुदायको आवाज, विचारलाई मिडिया समक्ष राख्न, सामुदायिक विकासका गतिविधि र शिक्षाका नवीनतम आयम, प्रयास, अनुसन्धानहरूलाई प्रचार प्रसार गर्ने ।
- विद्यालय र शिक्षाको माध्यमबाट समुदायको एकीकृत विकासका लागि सामुदायिक विकासका गतिविधिहरूलाई नमुना विकास गर्दै समुदायको जीविकोपार्जन र दिगो विकास गर्ने ।

## ३. गत वर्षको आम्दानी र खर्चको अवस्था

समुन्नत नेपालको आर्थिक वर्ष २०८१/०८२ मा भएको संस्थागत तथा कार्यक्रमगत आम्दानी अनुसार खर्चको अवस्था निम्नानुसार रहेकोछ :

| क्र.सं | विवरण स्रोत | आम्दानी | खर्च |
|---|---|---|---|
| १ | प्रशासनिक तथा कार्यालय सञ्चालन | रु २३४८०२/- | रु १२२०३९६/- |
| २ | कार्यक्रम सञ्चालन तर्फ | रु २६६५६८१३/- | रु २६३७९०३६/- |
| ३ | ह्रास कट्टी | - | रु २५७७२३/- |
| ४ | अन्य (परियोजनामा देखाइएको ओभरहेड आम्दानी समायोजन) | रु ९२०२९५/- | - |
| | **जम्मा** | **रु २,७८,११,९१०/-** | **रु २,७८,५७,१५५/-** |

**(आम्दानी र खर्चको विस्तृत विवरण लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ ।)**

## ४. आर्थिक वर्ष २०८१/०८२ मा संस्थाबाट सामाजिक जवाफदेहिता प्रवर्द्धनमा भएका प्रमुख कार्यहरू

| क्र.सं | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | साधारण सभा | १ | वार्षिक रूपमा भएको । |
| २ | कार्यसमितिको बैठक | ५ | आवश्यकता अनुसार । |
| ३ | कर्मचारी बैठक | १२ | भर्चुअल तथा प्रत्यक्ष बैठक मासिक रूपमा हुने गरेको |
| ४ | कर्मचारी क्षमता विकास | १ | युनिसेफको सहयोगमा सञ्चाल भएको कार्यक्रमका कार्यकलापहरूको विस्तृत कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन गर्ने उद्देश्यसहित कर्मचारीहरूको ४ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको । |
| ५ | वार्षिक समीक्षा | १ | वार्षिक योजना तर्जुमा तथा छलफल । |
| ६ | समाज कल्याण परिषदबाट अनुगमन | १ | |
| ७ | कार्यक्रमको अनुगमन | ५ | संस्थागत अनुगमन, मूल्याङ्कन समितिबाट गरिएको । |
| ८ | वार्षिक सामाजिक परीक्षण | १ | भएको |
| ९ | वार्षिक लेखापरीक्षण | १ | समयमा नै भएको |
| १० | कार्यक्रम सार्वजनिकीकरण | | सरोकारवालाहरूलाई लिखित रूपमा नै जानकारी गराउने गरिएको । |
| ११ | संस्था नवीकरणको अवस्था | भएको | २०८३ असार मसान्तसम्म भएको । |
| १२ | कार्यालयमा सुझाव पेटिका | राखिएको | पारदर्शी सुझाव पेटिका रहेको । |
| १३ | सूचना पाटी | रहेको | कार्यालयमा रहेको । |
| १४ | वेवसाइट | रहेको | सञ्चालनमा रहेको |
| १५ | सामाजिक सञ्जाल मार्फत सार्वजनिकीकरण | भएको | फेसबुक पेज, ह्वाट्सप ग्रुप र टिम्स रहेको । |
| १६ | कार्यसमिति, सदस्य, कर्मचारी र साझेदार संस्थाको आचार संहिता | रहेको | कार्यालयमा देखिने गरी टाँस गरिएको । |

## ५. कार्यसमिति, साधारण सदस्य र कर्मचारीको लैङ्गिक तथा जातीयगत विवरण

| क्र.सं | विवरण | सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | आजीवन सदस्य | २ | ५ | ७ | ४ जना जनजाति रहेको |
| २ | साधारण सदस्य | ६ | १५ | २१ | १ जना दलित र ९ जना जनजाति रहेको । |
| ३ | सल्लाहकार | १ | १ | २ | शिक्षा विज्ञहरू । |
| ४ | कार्यसमिति | ३ | ४ | ७ | ५ जना जनजाति रहेको । |
| ५ | कर्मचारी | ६ | ७ | १३ | ३ जना दलित र २ जना जनजाति रहेको । |
| ६ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | | | ० | नभएको |

### ६. संस्था सञ्चालनका लागि तयार गरिएका विधान तथा नीति नियमावलीहरू

| क्र.सं. | योजना, नीति, नियमावली, निर्देशिकाको नाम | बनेको मिति | संशोधन गरेको मिति |
|---|---|---|---|
| १ | मानव संसाधन, स्रोत व्यवस्थापन तथा आन्तरिक प्रशासन विनियमावली | २०६९ | २०७२, २०७६, २०८० |
| २ | आर्थिक व्यवस्थापन विनियमावली | २०६९ | २०७२, २०७६, २०८० |
| २.१ | खरिद व्यवस्थापन निर्देशिका २०८२ | २०८२ | |
| ३ | बाल संरक्षण नीति | २०७५ | |
| ४ | लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति | २०७५ | |
| ५ | यौनजन्य हिंसा विरुद्ध नीति | २०७६ | |
| ६ | भ्रष्टचार तथा ठगी विरुद्धको नीति र कार्यविधि | २०७६ | |
| ७ | यौन शोषण र दुर्व्यवहार विरुद्धको नीति | २०७८ | |
| ८ | कोभिड सुरक्षा भैपरी योजना | २०७८ | |
| ९ | **समुन्नत नेपालका निर्देशिकाहरू २०८२**<br>▪ कार्यक्रम, बजेट, योजना निर्माण तथा कार्यान्वयन निर्देशिका<br>▪ अभिलेख तथा तथ्याङ्क व्यवस्थापन र सुरक्षण निर्देशिका<br>▪ साझेदार छनौट, व्यवस्थापन तथा स्रोत एवम् लागत साझेदारी निर्देशिका<br>▪ वातावरण संरक्षण तथा प्रवर्द्धन निर्देशिका | २०८२ | |

### ७. यस वर्ष सञ्चालन भएका परियोजना

| क्र.सं | परियोजनाको नाम | दातृ निकाय | सहकार्य/साझेदारी |
|---|---|---|---|
| १ | विद्यालयबाहिर रहेका किशोर किशोरी तथा युवाका लागि वैकल्पिक सिकाइको मार्ग | युनिसेफ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश र शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश |
| २ | किशोर उत्थानशीलता अवसरको सुदृढीकरण | केएर नेपाल | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ३ | युवाका लागि लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षा | अफ्लाटुन इन्टरनेशनल | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |

### ८. गत आ.व २०८१/०८२ मा सञ्चालन भएका मुख्य क्रियाकलापहरू

समुन्नत नेपालले सामुदायिक सिकाइ केन्द्रको संस्थागत विकास र सहकार्यले शैक्षिक अभियानलाई दिगो बनाएको, विद्यालयबाहिर रहेका किशोर किशोरी र युवाका लागि वैकल्पिक सिकाइको मार्ग कार्यक्रम सञ्चालन गरेको देखिन्छ। संघ, प्रदेश र स्थानीय सरकारसँग नीतिगत पैरवी, सामझदारी, साझेदारी र सहकार्य गरेको सञ्चालन गरेको देखिन्छ। त्यसैगरि बालमैत्री क्रियाकलापमा आधारित सिकाइ र स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिएको, खेल्दै सिक्ने केन्द्रमा सहभागी भएपछि बालबालिका विद्यालय जान उत्प्रेरित गरिएको, सामुदायिक सिकाइ केन्द्रको परिचालनबाट विद्यालय भर्ना बालबालिकालाई विद्यालय भर्ना गराइएको, सिकाइ कार्ड विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पोर्टलमा अपलोड गरिएको,

उडान कक्षाका सहजकर्ताको तालिम सञ्चालन गरेको, विद्यालयको गुनासो सुनवाइ व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरेको देखिन्छ । धनगढीमाई नगरपालिकाको शिक्षा योजना तयारमा सहयोग गर्नुको साथै गाउँघरका मानिसहरूलाई शिक्षित बनाउने पत्रपत्रिका तथा जानकारीमूलक सामग्रीहरूको अध्ययन गर्ने बानी बसाउने रेडियो टेलिभिजन सूचनामूलक र ज्ञानबर्द्धक कार्यक्रमहरू सञ्चालन, सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि र सुदृढीकरण तथा अनलाइन प्रणालीमा ल्याउन प्राविधिक सहयोग गरेको देखिन्छ ।

## ९. संस्थाको आबद्धता

| क्र.सं | आबद्धता भएको निकाय | दर्ता/आवद्धता मिति | दर्ता/आवद्धता नम्बर | अन्तिम नविकरण मिति |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय काठमाण्डौ | २०६९/६/३ | ३१७ | २०८३ असार मसान्तसम्म |
| २ | समाज कल्याण परिषद् | २०६९/८/२४ | ३६२५७ | २०८५ असार मसान्त |
| ३ | आन्तरिक राजश्व कार्यालय | २०६९/८/२७ | ६००९३३४६३ | कर चुक्ता रहेको |
| ४ | आय कर छुट | २०८१/१०/२४ | ४८ | २०८३ असार मसान्तसम्म |
| ५ | गैसस महासंघ काठमाण्डौ | २०७३/१२/२१ | CR-KAT-३२२ | २०८२ असार |

सञ्जालहरू : शिक्षा समूह (आबद्धता), अफ्लाटुन इन्टरनेशनल (सदस्य)

## १०. अनुगमन तथा मूल्याङ्कनको अवस्था

समुन्नत नेपालले आफ्नो मानव संसाधन, स्रोत व्यवस्थापन तथा आन्तरिक प्रशासन विनियमावली २०६९ को तेस्रो संशोधनमा अनुगमन, मूल्याङ्कन तथा गुनासो व्यवस्थापन उपसमिति रहने व्यवस्था गरिएको देखिन्छ । तीन सदस्यीय यस उपसमितिमा संस्थाको कार्यसमिति र सदस्यमध्येबाट २ जना र संस्थाका निर्देशक पदेन सदस्य सचिव रहने व्यवस्था रहेको देखिन्छ। उक्त समितिले ४ पटक अनुगमन गरेको देखिन्छ। कार्यक्रमहरूको संस्थागत रूपमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गरिएको देखिन्छ । कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधिसमेत अनुगमन तथा मूल्याङ्कन समितिमा राख्ने गरिन्छ । त्यस्तो समितिले संयुक्त अनुगमन तथा मूल्याङ्कन गर्दछन् । संस्थाले अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन प्रारूप तयार गरी कार्यान्वयन गरेको छ। साथै संस्थाबाट सञ्चालन भएको युवाका लागि लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षा कार्यक्रमको समाज कल्याण परिषद्बाट २०८१ भाद्र २४ देखि २७ सम्म सुर्खेत र दैलेखको दुल्लु नपामा अनुगमन तथा मूल्याङ्कन भइ संस्थालाई प्रतिवेदन प्राप्त भएको छ ।

## ११. सहकार्य गरेका निकायहरू

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्रदेशका विषयगत मन्त्रालय, शिक्षा विकास निर्देशनालय, गाउँपालिका राष्ट्रिय महासंघ, गाउँपालिका तथा नगरपालिकाहरू, सामुदायिक सिकाइ केन्द्रहरू ।

## अनुसूची-२

### सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | पहिलाको अवस्था के थियो ? | कार्यक्रमबाट के प्रयास गरियो ? | उपलब्धि के भयो ? |
|---|---|---|---|
| विद्यालयबाहिर रहेका किशोर किशोरी र युवाका लागि वैकल्पिक सिकाइ | समुन्नत नेपालको कार्य क्षेत्रका १० वर्षदेखि १९ वर्ष उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिका, किशोर किशोरीको सङ्ख्या उल्लेख्य रहेकोमा उनीहरूका लागि अनिवार्य तथा निशुल्क शिक्षा ऐनमा व्यवस्था भए अनुसार वैकल्पिक सिकाइका लागि अलगै पाठ्यक्रम र सिकाइ सामग्रीको अभाव रहेको । | शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग समझदारी गरेर अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रम अन्तर्गत कार्यान्वयन मार्गदर्शन, तह १ को पाठ्यक्रम र सिकाइ सामग्री विकास गरेको साथै तह १ र २ को प्रशिक्षक प्रशिक्षण सामग्री विकास, प्रशिक्षक तालिम, सोही तहको सिकाइ कार्डको विकास गरी केन्द्रले अनुमोदन सहित वेवपेजमा राखिएको । १५ ओटा खेल्दै सिक्ने केन्द्रहरू स्थानीय तहलाई हस्तान्तरण गरी सञ्चालनमा रहेको तथा सहजकर्ताको तालिम, केन्द्र व्यवस्थापन समिति, उनीहरूको नियमित बैठक, केन्द्रको अनुगमन नपा, केन्द्र र समुन्नत नेपालबाट समय समयमा गरिएको । | अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रम अन्तर्गत तह १ को पाठ्यक्रम, ४ ओटा सिकाइ सामग्री, प्रशिक्षक निर्देशिका, कार्यक्रमको मापदण्ड विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुमोदन सहित लागु गरेको । १५ ओटा खेल्दै सिक्ने केन्द्रबाट १२०२ जना विद्यालयबाहिरका १० वर्षदेखि १९ वर्ष उमेरका बालबालिका किशोर किशोरी लाभान्वित भएका । तीमध्ये २९६ जना विद्यालय भर्ना भइ निरन्तरता दिइ रहेको । स्थानीय सरकारले नियमितता दिने प्रतिबद्धता गरेका । |
| किशोर किशोरीहरूको सहनशीलता अभिबृद्धिका लागि अवसरहरूको सुदृढीकरण | कार्य क्षेत्रका १० वर्षदेखि १९ वर्ष उमेर समूहका विद्यालय बाहिर रहेका किशोरीहरू लक्षित सिकाइ कार्यक्रमको अभाव रहेको । साथै अनिवार्य तथा निः शुल्क शिक्षा ऐनमा व्यवस्था भए अनुसार वैकल्पिक सिकाइका लागि तहगत पाठ्यक्रम र सिकाइ | शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग समझदारी गरी अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रम अन्तर्गत तह २ र ३ को पाठ्यक्रम र सिकाइ सामग्रीहरूको विकास गरी तह १, २ र ३ का सहजकर्ताहरूको मार्गदर्शन पुस्तिका विकास गरिएको । विद्यालय बाहिर रहेका किशोरीहरूका लागि उडान कक्षाका सहजकर्ताहरूको तालिम सञ्चालन गरिएको । | उडान कक्षा सञ्चालन गर्ने सहजकर्ताको क्षमता विकास गर्नुको साथै अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रम अन्तर्गत तह २ र ३ को २ ओटा पाठ्यक्रम, २ ओटा सहजकर्ता मार्गदर्शन पुस्तिका, दुवै तहको १६ ओटा सिकाइ सामग्री विकास गरिएको । मधेश, लुम्बिनी र कर्णाली प्रदेशका उक्त सामग्रीका सम्बन्धमा सरोकारवालालाई प्रबोधीकरण गरिएको । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | पहिलाको अवस्था के थियो ? | कार्यक्रमबाट के प्रयास गरियो ? | उपलब्धि के भयो ? |
|---|---|---|---|
| | सामग्रीको अभाव रहेको । | | |
| युवाका लागि लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षा कार्यक्रम | औपचारिक शिक्षाको पाठ्यक्रममा लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षाको विषयवस्तु ज्यादै न्यून रहेको । विद्यमान पाठ्यक्रममा यसको अंश खासै अध्ययन नभएको तथा यससम्बन्धी स्तरीय सामग्रीको अभाव रहेको । | कार्यक्रम सञ्चालनका लागि कर्णालीको दैलेख र सुर्खेत, मधेको महोत्तरी र धनुषाका ७ ओटा नगरपालिकामा स्थानीय साझेदार संस्थासँग सहकार्य गरी तीनवर्ष कार्यक्रम सञ्चालन गरिएको । कार्यक्रममा माध्यमिक तहको सामाजिक विषयको पाठ्यक्रममा लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षाको अन्तर केलाउने, कक्षा ९ देखि १२ का विद्यार्थीहरूका लागि यस विषयमा अध्यापन गराउन विद्यार्थी र शिक्षक सामग्री विकास गरिएको । सामाजिक र वित्तीय शिक्षाका नमुना परियोजना कार्यका लागि विज रकम उपलब्ध गराइएको । | कार्यक्षेत्रका ७ ओटा नगरपालिकाको ८५ ओटा विद्यालयमा कार्यक्रम सञ्चालन गरिएको । १४३ जना शिक्षकले यस विषयमा तालिम प्राप्त गरी नियमित कक्षामा रूपान्तरण गरिरहेको । सामाजिक र वित्तीय उद्यमका १० हजार विज रकम विद्यालयहरू प्रदान गरिएको । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले माध्यमिक तहका शिक्षकहरूको लागि ५ दिने कस्टुमाइज तालिम पाठ्यक्रम, प्रशिक्षक निर्देशिका र स्रोत सामग्री यसैमा आधारित भएर विकास गरी मूलप्रवाहीकरण भएको । । |

## अनुसूची-३

### सरोकारवालाहरूको प्रतिक्रिया

| क्र.सं | प्रतिक्रिया वा सुझाव दिनेको नाम | भनाइ, सुझाव तथा प्रतिक्रिया |
|---|---|---|
| १. | श्री मनकला चौधरी,उपमेयर, राजापुर नगरपालिका बर्दिया | संस्थाबाट सरोकारवालाबिच समन्वय तथा सहकार्य गरी कार्यक्रम कार्यान्वयन गर्दै पारदर्शी र सक्रिय सहभागिताका लागि काम गरेको छ । बजेट, जनशक्ति, सामग्री जस्ता स्रोत साधनको कमी रहेको हुँदा सरोकारवालाबिच समन्वय र सहकार्यलाई अझ सुदृढ बनाउनु पर्ने देखिन्छ । साथै कार्यक्रमहरूको दिगोपनाका लागि स्थानीय सरकारसँग सहकार्य र साझेदारी बढाउने, आयआर्जन तथा सिप विकाससम्बन्धी कार्यक्रम विस्तार गर्दा थप प्रभावकारी हुने देखिन्छ |
| २. | श्री निलकण्ठ ढकाल, निर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर | समुन्नत नेपालले सरकारसँगको राम्रो समन्वय र सहकार्य गरी नतिजा र तथ्याङ्कमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ । आगामी दिनमा कार्यक्रमको प्रभावकारिता, बजेट तथा कार्यक्रमको थप व्यवस्थापन गर्दै दिगो र प्रभावकारी रूपमा सबै भौगोलिक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सके प्रभावकारी हुने देखिन्छ । |
| ३. | श्री दिपक पोखेल, सहायक शिक्षा अधिकृत , कपिलवस्तु नगरपालिका, कपिलवस्तु | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि र वैकल्पिक शिक्षामा समन्वय र वैकल्पिक शिक्षा विषयमा स्थानीय तहसँग सहकार्य गरी संस्थाले कार्यक्रम सञ्चालन गरिरहेको छ । स्थानीय सरकारलाई पनि कतिपय विषयमा कानुनी अस्पष्टता रहेको अवस्थामा सहजता भएको छ । आगामी दिनमा संस्थाले वैकल्पिक शिक्षाको विषयमा अझ सक्रिय भई थप कार्यक्रम गर्दै शिक्षा मन्त्रालयसँग समन्वय गरी कानुनी विषयमा स्पष्ट गराउने कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । |
| ४. | श्री दिपिका शर्मा, शिक्षिका, श्री चण्डीआदर्श सरल माध्यमिक विद्यालय बल्खु, काठमाण्डौ | संस्थाले अनौपचारिक शिक्षाको क्षेत्रमा गरेको योगदान अनुकरणीय छ । संस्थासँग काम गर्न सहज वातावरण र सहयोग प्राप्त भएको छ । अनौपचारिक शिक्षाका लागि कार्य क्षेत्र विस्तार गर्दै सहजकर्ताहरूलाई तालिम र सिकाइ सामग्री प्रदान प्रदान गर्नुपर्ने देखिन्छ । |
| ५. | श्री दिपा साह, परिचालक, श्री महिला सम्बर्द्धन सामुदायिक सिकाइ केन्द्र, बारागढी, बारा | संस्थाबाट समतामूलक कार्यक्रमहरू सञ्चालित भएका छन् जसको कारण पिछडिएको तथा गरिब र महिलावर्गलाई सहजता भएको छ । लक्षित वर्गमा सकारात्मक सोच ल्याउन तथा सञ्चालित कार्यक्रममा लक्षित वर्गलाई टिकाउन मदत पुग्ने दीर्घकालीन कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै सिप विकास जस्ता तालिमहरूमा अझै पनि जोड दिई तालिम प्राप्त व्यक्तिहरूको प्रगति भए, नभएको जाँचबुझ गर्दा अझै फलदायी हुने देखिन्छ । |
| ६. | श्री पवित्रा कुमारी गिरी, कार्यकारी निर्देशक, महिला आवाज, बीरेन्द्रनगर, सुर्खेत | समुन्नत नेपालबाट भएको काममा समन्वय र सहकार्य राम्रो रहेको छ । शिक्षामा राम्रो ज्ञान तथा व्यवस्थापकीय र गुणस्तरमा समेत प्रभावकारिता रहेको छ । समयसापेक्ष योजना र तयारी गरी |

| क्र.सं | प्रतिक्रिया वा सुझाव दिनेको नाम | भनाइ, सुझाव तथा प्रतिक्रिया |
|---|---|---|
| | | सहकार्यमा काम गरिएको हुँदा आगामी दिनमा पनि सिकाइ सहजीकरण आदान प्रदानका सँगै कार्य गर्न इच्छुक रहेको । |
| ७. | श्री चन्द्रदेव कामती, अध्यक्ष, भलुवाही सामुदायिक सिकाइ केन्द्र, सिरहा नगरपालिका वडा नं ११, सिराहा | संस्थाले सिकाइ केन्द्रहरूको समन्वयको भूमिका निर्वाह गरेको छ। नेतृत्व र क्षमता विकास तालिमले सिकाइ केन्द्रलाई थप उर्जा मिलेको छ। सिकाइ केन्द्रलाई तिनै तह र सरोकारवाला निकायबिच जोडी थप मजबुत बनाउन रचनात्मक सहयोग गरेको छ। आगामी दिनमा पनि सरोकारवाला निकाय सँगको प्रभावकारी समन्वयमा सिकाइ केन्द्रको नेतृत्व, क्षमता विकास, लक्षित वर्गको सिप, व्यावसायिक विकास, विद्यालय सिकाइ, आइटी तालिम, रोजगारमूलक कार्यक्रम सञ्चालन गरी सूचना केन्द्रको रूपमा मिलेर कार्य गर्नुपर्ने देखिन्छ । |

# अनुसूची-४

## सामाजिक परीक्षणमा उपस्थिति सहभागीहरूको विवरण तथा निर्णय

आज मिति २०८३ साल बैशाख २८ गते सोमबारको दिन समुन्नत नेपालले आर्थिक बर्ष २०८१/०८२ मा सम्पादन गरेका कामहरूको **सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रम** संस्थाको निर्देशक श्री पवन कुमार अधिकारीज्यूको अध्यक्षतामा निम्न व्यक्तिहरूको उपस्थितिमा सञ्चालन गरियो :

### उपस्थिति विवरण

| क.स | सहभागीको नाम, थर | संस्था | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री पवन कुमार अधिकारी | समुन्नत नेपाल | निर्देशक | ९८४११३३८६३ | |
| २ | नवराज जोशी | ,, | टिम लिडर | ९८४८५४८६०१ | |
| ३. | दिल माया आले | ,, | IT & Doc officer | ९६६९८६९५२६ | |
| ४/4 | वन्दी राई | ,, | AFO | 9851177634 | |
| 5 | मेनुका लुवदी | ,, | Sr. A.O | 9841436165 | |
| ६ | स्वस्तीका [illegible] | ,, | L.S | 9806628631 | |
| ७. | उमङ्ग मैनाली | सामाजिक परीक्षक | | ९८४५०५०४८५ | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**निर्णय नं १.** समुन्नत नेपालले आर्थिक बर्ष २०८१/०८२ मा गरेका काममा पारदर्शीता, उत्तरदायित्व वहन र जावाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रक्रिया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन सार्वजनिक जवाफदेहिता प्रर्बद्धनसम्बन्धी कार्यविधि २०७७ अनुसार स्वतन्त्र सामाजिक परीक्षक श्री उमङ्ग मैनालीले कार्यालय तथा कोबोको विधिबाट सरोकारवालाहरूसँग सूचना सङ्कलन गरी तयार गर्नुभएको सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदनमा छलफल गरी छुटेका विषयहरू समावेश गरी अन्तिम प्रतिवेदन तयारी गर्ने निर्णय गरियो ।

## अनुसूची-५

### २०८२ वैशाख २८ गते सञ्चालन गरिएको सामाजिक परीक्षणमा बनाइएको कार्य योजना कार्यान्वयनको अवस्था

| क्र.स. | सुझाव | कार्ययोजना (प्रस्तावित कार्यहरू) | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | संस्थागत उपलब्धिलाई व्यवस्थित गर्नुपर्ने । | समुन्नत नेपालले संस्थागत उपलब्धि तथा तथ्याङ्कलाई नियमित रूपमा व्यवस्थित गर्ने । | कागजात, सफलताको कथाहरू, प्रतिवेदन, टिम्समा छलफल जस्ता कार्यहरू गरी |
| २. | विद्यालयबाहिर रहेका किशोर किशोरी र युवाका लागि वैकल्पिक सिकाइमा समावेश गर्ने । | सामुदायिक सिकाइ केन्द्र मार्फत कार्यक्षेत्रमा विद्यालयबाहिर रहेका किशोर किशोरी र युवाका लागि वैकल्पिक सिकाइमा समावेश गराउने क्रियाकलापहरू नियमित सञ्चालन गर्ने । | विद्यालयबाहिर रहेका किशोर किशोरी र युवाका लागि वैकल्पिक सिकाइमा समावेश गराउन स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्र मार्फत २ दिनको अभिमुखीकरण गरिएको । |
| ३. | शिक्षण सिकाइलाई समुदाय स्तरसम्म पुऱ्याउने । | शिक्षण सिकाइ लगायत संस्थाले उठाएका शैक्षिक सवाललाई समुदायस्तरसम्म पुऱ्याउन अन्य संस्था तथा सञ्जालहरूसँग समेत सहकार्य गरी अगाडि बढ्ने । | कार्यक्षेत्र कर्णाली र सुदुरपश्चिम प्रदेशमा समेत प्राविधिक रूपमा सहयोग परिएको । |
| ४. | पछाडि पारिएका वर्ग, समुदाय तथा लिङ्गलाई संस्थाको हरेक तहमा समावेश गर्नुपर्ने । | संस्थाले पछाडि पारिएका वर्ग, समुदाय तथा लिङ्गलाई हरेक तहमा समावेश गरी मूलप्रबाहीकरणमा ल्याउन प्रयत्न गर्ने । | कार्यक्रम विकास र कार्यान्वयन गर्दा पछाडि पारिएका वर्ग, समुदाय तथा लिङ्गलाई हरेक तहमा समावेश गरी मूलप्रबाहीकरणमा ल्याउन प्रयत्न गरिएको । |
| ५. | साझेदार संस्थाहरूसँगको कार्यक्रम निरन्तर गर्नुपर्ने । | दातृ निकायसँग नै समन्वयको आधारमा स्थानीय साझेदार संस्थाहरूसँगको कार्यक्रम कम्तीमा २ वर्ष निरन्तर रूपमा सञ्चालन गर्ने । | दातृ निकायसँग नै पैरवी गरिएको र थप स्रोतको खोजी गरिएको । |
| ६. | स्थानीय साझेदार संस्थाहरूसँगको क्षमता विकास गर्नुपर्ने । | अत्यावश्यक विषयमा स्थानीय साझेदार तथा सदस्यहरूको क्षमता विकास निरन्तर रूपमा गर्ने । | स्थानीय साझेदार तथा सदस्यहरूको क्षमता विकास निरन्तर रूपमा भइरहेको । |
| ७. | समुदायमा समावेशी शिक्षासम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने । | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सामग्री निर्माण भएको हुँदा समुदायमा समावेशी शिक्षा तालिम सञ्चालन गर्न | गुनासो सुनुवाई व्यवस्थापन तालिम, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी मधेश प्रदेशका २३ जना रोष्टर |

| क्र.स. | सुझाव | कार्ययोजना (प्रस्तावित कार्यहरू) | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | स्थानीय तह र दातृ निकायसँग समन्वय गर्ने । | प्रशिक्षकको लागि तालिम सञ्चालन गरिएको । |
| ८. | सामुदायिक सिकाइ केन्द्रलाई प्राविधिक सहयोग तथा अभिभावक शिक्षामा जोड दिनुपर्ने । | समुन्नत नेपालको साझेदारको रूपमा रहेका सामुदायिक सिकाइ केन्द्रलाई निरन्तर प्राविधिक सहयोग गर्दै सिकाइ प्रभावकारी बनाउ अभिभावक शिक्षाका कार्यक्रम सञ्चालनका लागि कार्य गर्ने । | प्रत्यक्ष ६२७ ओटा सहित कर्णाली र सुदुर पश्चिममा समुन्नत नेपालको साझेदारको रूपमा रहेका सामुदायिक सिकाइ केन्द्रलाई निरन्तर प्राविधिक सहयोग गर्दै आएको । |
| ९. | समान उद्देश्य भएका संस्थाबिचको सहकार्य, समन्वय तथा सञ्जालीकरण गर्नुपर्ने । | शिक्षाको अधिकारमा कार्य गर्ने समान उद्देश्य भएका संस्थाबिचको सहकार्य, समन्वय तथा सञ्जालीकरण गरी राष्ट्रियदेखि स्थानीय तहसम्म कार्यक्रम सञ्चालन गर्ने । | शिक्षाको अधिकारमा कार्य गर्ने समान उद्देश्य भएका संस्थाबिचको सहकार्य, समन्वय तथा सञ्जालीकरण र सहभागीता भई राष्ट्रियदेखि स्थानीय तहसम्म विभिन्न कार्यक्रम सञ्चालन गरिएको । |
| १०. | युवाका लागि लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | माध्यमिक तहको सामाजिक विषयको पाठ्यक्रममा लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षाको अन्तर केलाउने तथा शिक्षक सामग्री विकास गरिएको हुँदा निरन्तर सञ्चालन गर्ने | सुर्खेतको २ विद्यालयमा रहेका बाल क्लवलाई बीऊ पुँजी बापत् ५०-५० हजारको दरले रकम उपलब्ध गराई लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षामा सहयोग गरिएको |

# अनुसूची-६

## सामाजिक परीक्षणको केही तस्वीर



सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदनमा संस्थाको निर्देशकसहित छलफल गर्दै सामाजिक परीक्षक ।




सामाजिक परीक्षणका लागि आवश्यक सूचना सङ्कलन गर्दै सामाजिक परीक्षक ।




सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदनमा संस्थाको निर्देशकसहित छलफल गर्दै सामाजिक परीक्षक ।




संस्थामा राखिएको सुझाव पेटिका ।




संस्थामा टाँस गरिएको आचारसंहिता ।




संस्थामा टाँस गरिएको ठगी, जालसाजी तथा भ्रष्टाचार रोकथामसम्बन्धी सामूहिक प्रतिवद्धता ।